**नेपाल जनस्वास्थ्य संघको**

**प्रेश बक्तब्य**

**मिति**: २०७७/०३/१६

आदरणीय नेपाल जनस्वास्थ्य संघका अध्यक्षज्यू तथा केन्द्रिय समितिका पदाधिकारी तथा सदस्यहरु, विभिन्न मिडियाबाट पाल्नु हुने पत्रकारज्यूहरु

नेपाल जनस्वास्थ्य संघद्धारा आयोजना गरिएको यस महत्वपूर्ण पत्रकार सम्मेलनमा हार्दिक स्वागत छ।

विश्वब्यापी महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड १९ को संक्रमण हाल नेपालमा द्रुत गतिमा फैलिएर ७७ वटै जिल्लामा फैलिसकेको सर्ब विदितै छ। यसका लागि सरकारबाट भएका रोकथाम तथा नियन्त्रणका प्रयासहरु प्रभावकारी हुन सकिरहेको छैन र सर्बसाधारण तथा समुदायबाट पनि पर्याप्त सजगता अपनाइएको पाइएको छैन। यस महामारीको लागि समयमै गर्नुपर्ने पर्याप्त पूर्व तयारी तथा ब्यबस्थापनमा केही त्रुटी एवम् कमजोरी रहेकोले महामारीको अबस्थामा हाल संक्रमण समुदाय स्तरमै प्रवेश गरिसकेको बुझिएकोछ। यस अबस्थामा पनि नेपाल सरकारबाट सम्बन्धित सबै सरोकारवालाहरु संगको समन्वयमा समयमै गम्भिरता पूर्वक सम्बोधन गर्न सकिएन भने संक्रमणको भयावह अवस्था सिर्जना भई देशले थेग्न नसक्ने अवस्था आउने निश्चित छ। तसर्थ जनस्वास्थ्य कर्मीहरुको पेशागत संगठनको रूपमा जनस्वास्थ्य क्षेत्रको यस गम्भीर परिस्थितिमा यस महामारीलाई रोकथाम तथा नियन्त्रणमा देखिएका सुधार गर्नुपर्ने पक्षहरुलाई तत्काल सम्बोधन गर्नका लागि तीनै तहका सरकार बिशेषत, यसमा नेतृत्व लिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा सरकारका संबद्ध निकाहरु, प्रदेश तथा स्थानीय सरकार, सम्वन्धित सबै सरोकारवाला संघसंस्था, नागरिक समाज तथा जनसाधारणको गम्भिर ध्यानाकर्षण गराउन का लागि यो पत्रकार सम्मेलनको आयोजना गरेका छौ।

१.Quarantines केन्द्रहरुको गुणस्तर कमजोर भएको पाइएको तथा उक्त केन्द्रहरुबाट थप संक्रमण बढ्न सक्ने देखिएको हुनाले त्तगबचबलतष्लभ केन्द्रहरुमा निर्देशिका अनुसार अत्याबश्यक सुबिधाहरु, स्वास्थ्य सेवातथा सुरक्षा र स्वास्थ्य सम्वन्धी अभिमुखिकरणको ब्यबस्था गरी तहगत रुपमा अनुगमनको गर्न जिम्मेवारी तोक्ने।

२. हालको बर्तमान अबस्थामा जनस्वास्थ्यकर्र्मीहरुको महत्वपूर्ण भूमिका देखिएको र स्थानिय तहमा गुणस्तरीय तथा प्रभाबकारी कार्यमा समेत जनस्वास्थ्य कर्मीको भूमिका रहेको हुनाले कम्तिमा जनस्वास्थ्य अधिकृत न्यूनतम शैक्षिक योग्यता जनस्वास्थ्य बिषयमा स्नातक उत्तिर्ण०को तहका लागि पद कायम गर्ने।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा जारि गरेको CICTT गठन सम्बन्धि निर्देशिकाको मर्म अनुसार अधिकांश पालिकाहरुमा CICTT गठन नभएको देखिएकोले निर्देशिका अनुसार जनास्वस्थ्य कर्मी न्यूनतम शैक्षिक योग्यता

जनस्वास्थ्य बिषयमा स्नातक उत्तिर्ण को नेतृत्वमा उक्त टोली गठन गर्न तथा उक्त टोलीको सक्रिय परिचालनका लागि आवश्यक श्रोत ब्यबस्थापन गर्ने।

४ .हाल कोभिड १९ महामारी को अबस्थामा नेपाल सरकार अन्तर्गतका जनस्वाथ्य कर्मीहरुको महत्वपूर्ण भूमिका रहन्छतर स्वास्थ्यतथा जनसंख्या मन्त्रालयमा केहि जनस्वास्थ्य बिज्ञहरुलाई जिम्मेवारी बिहिन बनाइएको हुनाले उहाँहरुलाई उपयुक्त भूमिकाका सहित जिम्मेवारी दिनु पर्ने तथा आवश्यकता अनुसार जनस्वास्थ्य विज्ञहरुलाई नियुक्त गरी परिचालन गर्ने ।

५.कोभिड १९ महामारीमा अग्रपंतिमा खटिएका स्वास्थ्य कर्मीहरुको सुरक्षा, आवश्यक जोखिम भत्ता तथा आवधिक रुपमा अनिबार्य एऋच् त्भकत र विश्व स्वास्थ्य संगठनको निर्दशिका अनुसार एक हप्ताकाम गरे पछि अनिवार्य क्वारेन्टाइनमा बस्ने आवश्यक बाताबरण मिलाउने।

६.कोभिड १९ महामारीमा खटिएका स्वास्थ्य कर्मीहरुलाई यस रोग तथा यसको रोकथाम तथा नियन्त्रणका बारेमा अत्यन्त कम तालिम तथा अभिमुखिकरण गरिएको पाइएकोले उहाँहरुलाई क्रमशः समुहगत रुपमा उपयुक्त तरिका अपनाई आबश्यक तालिम तथा अभिमुखिकरणको आयोजना गर्ने ।

७.सेवा क्षेत्रमा अग्र पङतमि काम गर्ने सुरक्षा निकाय, खानेपानी तथा सरसफाइ, बैंक तथा अन्य कार्यालय र ग्राहक संग नजिको संपर्क हुने पसल संचालकहरुको अनिवार्य PCR Test गर्न आवश्यक बाताबरण मिलाउने |

८.Case Investigation andContact Tracing लाई प्रभाबकारी बनाउनका लागि स्वास्थ्यका विभिन्न व्याबसायिक संघ तथा संगठनहरु संग समन्वय गरी परिचालन गर्ने।

९.कोरोना भाइरसको परीक्षणमा RDT परीक्षणलाई पूर्ण रुपमा बन्द गर्ने तथा लागि ल्याबको सुविधा बृद्धि गरी RT PCR परीक्षणको दायरा बढाएर ३ दिन भित्रमा परिणाम आउने ब्यबस्था गर्ने ।

१०.आगामी दिनमा यस महामारी उत्कर्षमा पुग्न सक्ने सम्भावनालाई मध्यनजर गरी सोही अनुसारको परिमाणमा नीजि तथा गैरसरकारी संघसंस्थाहरु संग समन्वय गरी आबश्य जन शक्ति, पूर्वाधार तथा सामग्रीहरुको तयारी गरी अत्यावश्यक स्वास्थ्य सेवा ब्यबस्थापनका लागि तत्काल योजना बनाउने

११.मौसम परिवर्तन संगै कोरोना भन्दा बाहेकका अन्य संक्रामक रोगहरुको पनि महामारी फैलिन सक्ने भएका ले उक्त रोगहरु फैलिन नदिन आवश्यक पूर्ब तयारी गर्ने र गर्भबती, नवजात शिशु तथा सुरक्षित सुत्केरी सेवालाई अझ ब्यबस्थित गरी विशेषतःदुर्गम क्षेत्रमा पहुच सुधार गर्ने ।

१२.हल बन्दाबन्दी खुकुलो गरे संगै बैंक तथा कार्यालयहरु, सेवा क्षेत्रहरुमा जनसाधारणहरु सामाजिक दूरी कायम गर्ने तथा मास्कको प्रयोग गर्ने र साबुन पानीले हात धुने वा स्यानीटाइजर प्रयोग गर्ने विषयमा लापर्बाही भई जन समुदाय

संक्रमणको अत्यन्त जोखिमा देखिएकोले सो सुधारका लागि संघसंस्था तथा नागरिक समाज संग समन्वयमा आबश्यक जन चेतना मूलक गतिविधि संचालन गर्ने तथा सो का लागि कडा अनुगमन गर्ने ।

१३.कोभिड १९ महामारीको प्रभावकारी रोकथामका लागि समुदायमा ब्यापक जन चेतना बृद्धि गर्नका लागि हरेक वडामा टोल सुधार समिति गठन तथा क्रियाशिल बनाई सामाजिक संजाललाई ब्यापक परिचालन गर्ने ।

माथि उल्लेखित बुँदाहरुमा एक जनस्वास्थ्य पेशाकर्मीहरुको संगठनको हैसियतबाट सम्भव भए सम्म सरकारलाई सहयोग गर्न यस संघ कटिबद्ध रहेको कुरा पनि यहाँहरुलाई जानाकारी गराउँन चाहन्छु । यसै प्रेश बक्तब्य मार्फत् नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउँदै यथासिघ्र कार्यान्वयन गर्न गराउन हार्दिक अनुरोध गर्दछौं ।

आशा एबं विश्वास छ हामीले उठाएका यि विषयहरुलाई सरकार तथा सम्बद्ध सबै सरोकारवाला निकायहरुले समयमै ध्यान दिई यस महामारीबाट नेपाली जनताको स्वस्थ बाँच्नपाउने संबैधानिक अधिकारलाई संरक्षण गर्नेछ ।

सम्पुर्ण पत्रकार मित्रहरुले हामीले उठाएका यि विषयहरुलाई यहाँहरुको टेलिभिजन, अनलाइन तथा छापा पत्रिका मार्फत नेपाल सरकार तथा सम्बद्ध सरोकारवाला निकाय सम्म पुर्याई सहयोग पुर्याउन हार्दिक अनुरोध गर्दछौं ।

सम्पुर्ण पत्रकार मित्रहरु तथा यहाँ उपस्थित नेपाल जनस्वास्थ्य संघका सबै महानुभावहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

यहाँहरुको केही प्रश्न तथा जिज्ञासा भए हामी सम्बोधन गर्न कोशिश गर्नेछौ ।

जय जनस्वास्थ्य